Gandaki SHEP Approach कार्यान्वयन सम्बन्धी मापदण्ड, २०८३

(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८३/०८/०३)

<u>प्रस्तावना:</u> नेपाल सरकार र जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सीबीच भएको प्राविधिक सहयोग सम्झौताको रूपरेखा (Framework of the Agreement on Technical Cooperation) बमोजिम "गण्डकी प्रदेशमा **Smallholder Horticulture Empowerment and Promotion** (SHEP) **Approach** मार्फत उच्च मूल्यका कृषि उपजहरूको उत्पादन तथा बजारीकरण प्रवर्धन गर्ने परियोजना (Gandaki-SHEP)" लाई व्यवस्थित रुपमा कार्यान्वयन गर्नको लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मापदण्डको नाम "Gandaki SHEP Approach कार्यान्वयन सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागु हुने छ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका आयोजना लागु भएका जिल्लास्थित कृषि हेर्ने कार्यालयलाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले Gandaki SHEP Approach कार्यान्वयनको लागि स्वीकृत वार्षिक विकास कार्यक्रम सम्झनु पर्दछ।

(ग) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि व्यवसाय प्रवर्धन, प्रशिक्षण तथा स्रोत केन्द्रलाई सम्झनु पर्दछ।

(घ) "तालिम" भन्नाले कृषक र कृषि प्राविधिकको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि सञ्चालन गरिने कृषि सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण कार्यलाई जनाउँछ।

(ङ) "प्रशिक्षार्थी" भन्नाले तालिमका सहभागीलाई जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ।

(छ) "लाभग्राही" भन्नाले तालिम प्राप्त गरिसकेका प्रशिक्षार्थीलाई जनाउँछ।

(ज) "स्थानीय तह" भन्नाले दफा ३ बमोजिम छनोट भएका स्थानीय तहलाई सम्झनु पर्दछ।

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

परिच्छेद-२

कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

३. **स्थानीय तह छनोट:** मन्त्रालय, कार्यालय र Gandaki SHEP परियोजना कार्यालयको समन्वयमा अनुसूची-१ मा भए बमोजिम सूचकका आधारमा स्थानीय तह छनोट गर्नुपर्नेछ। यसरी छनोट भएका स्थानीय तहसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

४. **कार्यक्रमसँग सम्बन्धित सम्पर्क व्यक्ति छनोट:** मन्त्रालयले कार्यक्रम सञ्चालन हुने जिल्लास्थित कार्यालयको एक जना अधिकृतस्तरको कर्मचारी र सम्बन्धित स्थानीय तहको सिफारिसमा उक्त निकायमा कार्यरत कृषि प्राविधिकलाई SHEP सम्पर्क व्यक्तिको रुपमा तोक्नुपर्नेछ।

५. **कार्यक्रमसँग सम्बन्धित सहायक सम्पर्क व्यक्ति छनोट:** मन्त्रालयले कार्यक्रम सञ्चालन हुने जिल्लास्थित कार्यालयको एक जना सहायकस्तरको प्राविधिक कर्मचारी र सम्बन्धित स्थानीय तहको सिफारिसमा उक्त निकायमा कार्यरत सहायकस्तरको कृषि प्राविधिकलाई सहायक SHEP सम्पर्क व्यक्तिको रुपमा तोक्नुपर्नेछ।

६. **लक्षित कृषक समूह तथा सहकारीको छनोट:** जिल्लास्थित कार्यालय र स्थानीय तहको समन्वयमा अनुसूची-२ बमोजिम ईच्छुक कृषक समूह/सहकारीलाई छनोट गर्नुपर्नेछ।

७. **क्रियाकलापहरूको कार्यप्रवाह:** सञ्चालन गरिने क्रियाकलापहरुको कार्यप्रवाह अनुसूची-३ बमोजिम हुनेछ।

परिच्छेद-३

विविध

८. **वित्तीय व्यवस्थापन:** गण्डकी SHEP Approach सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही गण्डकी प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड अनुसार गर्नुपर्नेछ।

९. **प्रचलित कानुन बमोजिम हुने:** (१) यस मापदण्डमा उल्लेख भएका विषय यसै मापदण्ड र अन्य विषय नेपाल सरकार र जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सीबीच भएको प्राविधिक सहयोग सम्झौताको रूपरेखा तथा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस मापदण्ड लागु हुन भन्दा अगाडि सञ्चालन भएका क्रियाकलापहरु यसै मापदण्ड बमोजिम सञ्चालन भएको मानिनेछ।

१०. **बाधा अड्काउ फुकाउने अधिकार:** यस मापदण्डमा उल्लिखित विषयमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **संशोधन र खारेज:** मन्त्रालयले आवश्यकता अनुसार यस मापदण्डमा संशोधन वा खारेज गर्न सक्नेछ।

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

स्थानीय तह छनोटका आधारहरु

(१) लक्षित कार्यक्रम कार्यान्वयन गर्न स्थानीय सरकारको प्राथमिकता तथा प्रतिवद्धता

(२) स्थानीय तहमा कार्यरत कृषि प्रसार प्राविधिकको उपलब्धता

(३) तरकारी तथा फलफूल उत्पादनको उच्च सम्भावनायुक्त क्षेत्र रहेको

(४) बजारको पूर्वाधार र पहुँच

(५) इच्छुक कृषक समूह र सहकारीको उपलब्धता

(६) वन्यजन्तु र प्राकृतिक प्रकोपबाट जोखिम

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

Gandaki SHEP Approach लक्षित कृषक समूह/कृषि सहकारी पहिचान र छनोटका आधार

क्र.सं.	कृषक समूह/कृषि सहकारी पहिचान र छनोटका आधार	अंकभार
१.	**सामूहिक कार्यमा सक्रियता**	१०
	१.१ तरकारी बाली उत्पादन	५
	(क) सामुहिक उत्पादन गर्ने गरेको	५
	(ख) एकै किसिमको बाली आ-आफ्नो जग्गामा उत्पादन गर्ने गरेको	३
	१.२ तरकारी बालीको बजारीकरण	५
	(क) सदस्यहरुको उत्पादन एकै ठाऊँमा संकलन गरी बजारीकरण गर्ने गरेको	५
	(ख) सदस्यहरुले उत्पादन र बजारीकरण छुट्टा-छुट्टै गर्ने गरेको	३
२.	**प्राविधिक सेवा विस्तार र सामूहिक गतिविधि सहजता**	१०
	२.१ सदस्यहरुको बसोबासको निकटता	५
	(क) आबद्ध सेयर सदस्यहरु बसोबासको भौतिक दुरि नजिकै रहेको	५
	(ख) आबद्ध सेयर सदस्यहरु बसोबासको भौतिक दुरि टाढा रहेको	३
	२.२ **SHEP Approach** मा सहभागी हुन ईच्छुक कृषक	५
	(क) कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि	५
	(ख) कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा कम	३
३.	**तरकारी उत्पादनमा संलग्न कृषकको खेतमा सिँचाइको सुविधा**	१०
	(क) बाह्रै महिना सिँचाइको सुविधा भएको	१०
	(ख) मौसमी सिँचाइको सुविधा भएको	५
४.	**उत्पादित उपजको बजारीकरण पूर्वाधार र पहुँच**	१०
	४.१ यातायात सुविधा	५
	(क) उत्पादन क्षेत्र सम्म बाह्रै महिना चल्ने बाटोको सुविधा रहेको	५
	(ख) बर्षातमा नचल्ने वा न्यून मात्रामा चल्ने बाटोको सुविधा रहेको	३

डा.प्रेरणा सेढाईं भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

	४.२ सवारी साधनको सुविधा	५
	(क) संस्थाको आफ्नै ढुवानीको साधन रहेको	५
	(ख) नियमित रुपमा रुटमा चल्ने सवारी साधनको सुविधा रहेको	३
५.	**खेतीयोग्य जमिनमा सुरक्षित र निरन्तर पहुँच**	१०
	(क) आफ्नै स्वामित्वको जग्गामा मात्र खेति गरिने	१०
	(ख) करार गारिएको जग्गामा समेत खेति गरिने	७
६.	युवाको संलग्नता	५
	(क) युवा कृषकको बाहुल्यता रहेको	५
	(ख) युवा कृषक न्युन रहेको	३
७.	आबद्ध कृषकको मुख्य पेशा	१०
	(क) आबद्ध ५०% भन्दा बढी कृषकको मुख्य पेशा कृषि तरकारी वा अन्य बजारयोग्य कृषिजन्य वस्तुको उत्पादन रहेको	१०
	(ख) आबद्ध ५०% भन्दा कम कृषक मुख्य रुपमा गैर कृषि पेशामा संलग्न रहेको	५
८.	कृषि कर्जा उपयोग र कृषि बीमा योजनामा आबद्धता	१०
	८.१ कृषि कर्जा उपयोगको अवस्था	५
	(क) कृषि व्यवसायको लागि कृषि कर्जा लिने कृषक ५०% भन्दा बढी रहेको	५
	(ख) कृषि व्यवसायको लागि कृषि कर्जा लिने कृषक ५०% भन्दा कम रहेको	३
	(ग) कृषि व्यवसायको लागि कृषि कर्जा लिने कृषक नरहेको	२
	८.२ कृषि बीमा योजनामा आबद्धता	५
	(क) कृषि व्यवसायको बीमा गर्ने कृषक ५०% भन्दा बढी रहेको	५
	(ख) कृषि व्यवसायको बीमा गर्ने कृषक ५०% भन्दा कम रहेको	३
	(ग) कृषि व्यवसायको लागि कृषि कर्जा लिने कृषक ५०% भन्दा बढी रहेको	२
९.	**नयाँ ज्ञान र नयाँ प्रविधि ग्रहणको अवस्था**	५
	(क) नयाँ ज्ञान र नयाँ प्रविधि ग्रहण गरि खेति गर्ने गरेको	५
	(ख) पुरानै प्रविधि ग्रहण गरि खेति गर्ने गरेको	३
१०.	**कृषि प्रविधिमा आधारभूत ज्ञान**	१०

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

	(क) कृषक पाठशाला) Farmers Field School) संचालन, असल कृषि अभ्यास) GAP) तालिम, एकीकृत शत्रुजीव व्यवस्थापन) IPM) तालिममा भाग लिइसकेको	१०
	(ख) तरकारी खेति सम्बन्धी तालिम लिएको	७
	(ग) कृषि सम्बन्धी अन्य तालिम लिएको	४
११.	स्थानीय तहका कृषि प्राविधिकको उपलब्धता तथा विज्ञता, सहजिकरण तथा अनुगमन गर्ने इच्छाशक्तिको मुल्याङ्कन गरी अधिकतम १० अङ्क	१०
	जम्मा	१००

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित)

Gandaki SHEP Approach अन्तरगत सञ्चालन गरिने क्रियाकलापहरुको कार्यप्रवाह

क्र.सं.	क्रियाकलाप	सहभागी	जिम्मेवार निकाय	सहयोगी निकाय
१	स्थानीय तह छनोट	-	मन्त्रालय	कार्यालय, Gandaki-SHEP Project Office
२	कृषक समूह/कृषि सहकारी छनोट	-	कार्यालय	स्थानीय तह, Gandaki-SHEP Project Office
३	कार्यक्रम सम्बन्धी सचेतना कार्यक्रम	दफा ४ र ५ बमोजिमका कर्मचारी	कृषि विकास महाशाखा, मन्त्रालय	केन्द्र, Gandaki-SHEP Project Office
४	कार्यक्रम सम्बन्धी सचेतना कार्यक्रम (कृषकस्तर)	दफा ६ बमोजिमका कृषक समूह/कृषि सहकारीमा आवद्द सदस्यहरु	कार्यालय	सम्बन्धित स्थानीय तह, Gandaki-SHEP Project Office
५	कृषक छनोट	दफा ६ बमोजिमका कृषक समूह/कृषि सहकारीमा आवद्द सदस्यहरु	कार्यालय	सम्बन्धित स्थानीय तह, Gandaki-SHEP Project Office
६	बेसलाइन सर्भे ToT	दफा ४ र ५ बमोजिमका कर्मचारी	केन्द्र	मन्त्रालय, Gandaki-SHEP Project Office
७	बेसलाइन सर्भे तालिम (कृषकस्तर)	दफा ६ बमोजिमका कृषक समूह/कृषि सहकारीबाट छनोट भएका इच्छुक सदस्यहरु	कार्यालय	सम्बन्धित स्थानीय तह, Gandaki-SHEP Project Office
८	लैङ्गिक सचेतना ToT	दफा ४ र ५ बमोजिमका कर्मचारी	केन्द्र	मन्त्रालय, Gandaki-SHEP Project Office

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव

मुख्यमन्त्री

९	लैङ्गिक सचेतना तालिम (कृषकस्तर)	दफा ६ बमोजिमका कृषक समूह/कृषि सहकारीबाट छनोट भएका इच्छुक सदस्यहरु	कार्यालय	सम्बन्धित स्थानीय तह, Gandaki-SHEP Project Office
१०	मार्केट लिङ्केज फोरम सम्बन्धी गोष्ठी	मन्त्रालय, केन्द्र, कार्यालय, दफा ४ र ५ बमोजिमका कर्मचारी, कृषक प्रतिनिधि, कृषि बजार प्रतिनिधि, कृषि ऋण, कृषि बिमा, कृषि उत्पादन सामग्री आपूर्तिकर्ता र अन्य सरोकारवाला निकायका प्रतिनिधि	केन्द्र	मन्त्रालय, Gandaki-SHEP Project Office
११	बजार सर्वेक्षण, बाली छनोट तथा बाली पात्रो निर्माण सम्बन्धी ToT	दफा ४ र ५ बमोजिमका कर्मचारी	केन्द्र	मन्त्रालय, Gandaki-SHEP Project Office
१२	बजार सर्वेक्षण, बाली छनोट तथा बाली पात्रो निर्माण सम्बन्धी तालिम	दफा ६ बमोजिमका कृषक समूह/कृषि सहकारीबाट छनोट भएका इच्छुक सदस्यहरु	कार्यालय	सम्बन्धित स्थानीय तह, Gandaki-SHEP Project Office
१३	छनोट भएका बालीको खेती प्रविधि सम्बन्धी ToT	दफा ४ र ५ बमोजिमका कर्मचारी	केन्द्र	मन्त्रालय, Gandaki-SHEP Project Office
१४	छनोट भएका बालीको खेती प्रविधि सम्बन्धी तालिम	दफा ६ बमोजिमका कृषक समूह/कृषि सहकारीबाट छनोट भएका इच्छुक सदस्यहरु	कार्यालय	सम्बन्धित स्थानीय तह, Gandaki-SHEP Project Office
१५	आयोजना क्रियाकलापहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन	आवश्यकता अनुसार मन्त्रालय, केन्द्र, Gandaki-SHEP Project Office, कार्यालय तथा सम्बन्धित स्थानीय तहले गर्न सक्नेछन्।		

डा.प्रेरणा सेढाई भट्टराई
प्रदेश सचिव